## आ.व. २०८१/८२ को प्रथम कार्यपालिका बैठक

आज मिति २०८१।०४।१३ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

### उपस्थिति

| दस्तखत | पद | नाम थर |
|---|---|---|
| | अध्यक्ष | श्री प्रकाश बिष्ट, राप्ती गाउँकार्यपालिका । |
| | उपाध्यक्ष | श्री कमलापती चौधरी, राप्ती गाउँकार्यपालिका । |
| | सदस्य | श्री गेमे खड्का, राप्ती गाउँकार्यपालिका । |
| | सदस्य | श्री पहलवान चौधरी, राप्ती गाउँकार्यपालिका । |
| | सदस्य | श्री उमेश अधिकारी, राप्ती गाउँकार्यपालिका । |
| | सदस्य | श्री विर वहादुर चौधरी, राप्ती गाउँकार्यपालिका । |
| | सदस्य | श्री देव प्रसाद चौधरी, राप्ती गाउँकार्यपालिका । |
| | सदस्य | श्री दीपक कुमार चौधरी, राप्ती गाउँकार्यपालिका । |
| | सदस्य | श्री सिताराम चौधरी, राप्ती गाउँकार्यपालिका । |
| | सदस्य | श्री चन्द्र बहादुर गुरुङ, राप्ती गाउँकार्यपालिका । |
| | सदस्य | श्री रिम बहादुर सुनारी मगर,राप्ती गाउँकार्यपालिका । |
| | सदस्य | श्री पार्वती सुवेदी, राप्ती गाउँकार्यपालिका । |
| | सदस्य | श्री चम्फा भुसाल, राप्ती गाउँकार्यपालिका । |
| | सदस्य | श्री रण बहादुर पुजाली सार्की , राप्ती गाउँकार्यपालिका । |
| | सदस्य | श्री गिता चौधरी, राप्ती गाउँकार्यपालिका । |
| | सदस्य | श्री सावित्री चौधरी, राप्ती गाउँकार्यपालिका । |
| | सदस्य | श्री संजिव परियार, राप्ती गाउँकार्यपालिका । |
| | सदस्य सचिव | श्री नेत्र बहादुर वली , राप्ती गाउँपालिका |

### आमन्त्रित

श्री विश्वास वि क, शाखा अधिकृत

श्री विकास ज्ञवाली, अधिकृत छैठौ

श्री नारायण प्र राउत, MIS operator.

श्री रेवान्त राज अधिकारी, अ/ जि शाखा प्रमुख

श्री शीला पौडेल (प्रशासन सहायक)

## २०८१/४/१३ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु :-

**निर्णय नं.१** - राप्ती गाउँपालिकाको कार्यपालिका बैठकले यस अघि गरेका निर्णय कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो। निर्णयहरु कार्यान्वयन भएको पाईयो।

**निर्णय नं.२** राप्ती गाउँपालिकाको कार्यालय र गाउँपलिका अन्तरगतका कार्यालयमा करार सेवामा कार्यरत देहायका कर्मचारीहरुको मिति २०८१।०४।०१ गते देखि लागु हुने गरी करार सम्झौता नविकरण गर्ने।

- दरबन्दीमा रहेका करार सेवाका कर्मचारीहरु
- श्रोत सुनिश्चितता भएका कार्यक्रम/आयोजनाका कर्मचारीहरु
- सामाजिक सुरक्षा तथा पञ्जिकरण तर्फ एम.आई.एस. तथा फिल्ड सहायकमा कार्यरत कर्मचारीहरु

**निर्णय नं. ३** - गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फ गरिवी निवारणका लघु उद्यम निर्देशिका २०७७ बमोजिम दफा ५ उपदफा ३ क बमोजिम बजेट प्राप्तीका आधारमा हाललाई १ जनाको मात्र करार सम्झौता नविकरण गर्ने।

**निर्णय नं. ४** – कार्यालयको सुरक्षा व्यवस्था मजबुत तथा प्रभावकारी बनाउन सेवा प्रदायक निकायबाट सुरक्षा सेवा खरिद गर्ने।

**निर्णय नं. ५**- भूमी सेवा केन्द्रको बाँकी कार्य पुरा गर्न हाललाई यस अघि कार्यरत रहेका देहायका कर्मचारीहरुसँग २०८१ श्रावण १६ देखि लागु हुने गरी करार सम्झौता गरी काममा खटाउने।

- नारायण न्यौपाने, लगत प्रविष्टिकर्ता
- हेमराज शर्मा, अमिन
- प्रदिप सुनार, अमिन

**निर्णय नं.६**- राप्ती गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी तथा अनुदान पुर्नवितरण तथा मिलान सम्बन्धी कार्यका लागि देहायको कार्यदल गठन गरी दरबन्दी पुर्नवितरण सबै तह र शिक्षक मिलान हाललाई आधारभुत तह (कक्षा ६-८) र माध्यमिक तह(कक्षा ९-१०) सम्म गर्ने गरी कार्यदलका पदाधिकारीहरुलाई २०८१ श्रावण मसान्त सम्मको समयसिमा तोकी देहाय बमोजिमको सेवा सुविधा प्रदान गर्ने ।

बैठक भत्ता बापत प्रति बैठक रु १०००/-

खाजा खर्च प्रति व्यक्ति रु ५००/-

यातायात खर्च बैठक बसेको दिनको प्रति व्यक्ति रु २००/-

**कार्यदल**

संयोजक - श्री पहलवान चौधरी , सामाजिक विकास समिति योजक

सदस्य – श्री रण बहादुर पुजाली, गाउँ शिक्षा समिति सदस्य

सदस्य - श्री गिता चौधरी , गाउँ शिक्षा समिति सदस्य

सदस्य – श्री भरतमणि न्यौपाने , गाउँ शिक्षा समिति सदस्य

सदस्य – श्री केशवराज खनाल , गाउँ शिक्षा समिति सदस्य

सदस्य – श्री भिम मरासिनी , गाउँ शिक्षा समिति सदस्य

सदस्य – श्री कुलराज जैशी , गाउँ शिक्षा समिति सदस्य

सदस्य – श्री मंगल प्रसाद चौधरी, अध्यक्ष, नेपाल शिक्षक संघ

सदस्य – श्री कृष्ण बहादुर बुढा, अध्यक्ष, एकिकृत अखिल नेपाल शिक्षक संगठन

सदस्य – श्री लोकेन्द्र केसी, अध्यक्ष, नेपाल राष्ट्रिय शिक्षक संगठन

सदस्य – श्री रामकृष्ण पौडेल, अध्यक्ष, अखिल नेपाल शिक्षक संघ

सदस्य – श्री धनिराम घर्ति मगर ,अध्यक्ष, अखिल नेपाल शिक्षक संगठन

सदस्य सचिव – श्री विश्वास विक, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

निर्णय नं.७- स्थानीय कच्चा पदार्थमा आधारित बाँस, बेत, दुना, टपरी, साबुन,धुप, कपडा, हस्तकलाका सामाग्री आदिको प्रयोगलाई प्राथमिकता दिन यस राप्ती क्षेत्रमा रहेका मन्त्रालय, विभाग ,कार्यालय तथा गैरसरकारी संघ संस्थालाई अनुरोध गर्ने।

निर्णय नं.८- नव प्रतिभाको जग्गा सम्बन्धमा मिति २०७९।०९।२० गतेको कार्यपालिका बैठकको निर्णय नं. ७ बदर गर्ने । यातायात व्यवस्था कार्यालय,भालुवाङको भवन निर्माणका लागि सम्बन्धित निकायबाट प्रकृया पुर्‍याई सहमति माग भई आएमा सहमति प्रदान गर्ने।

निर्णय नं.९- लामो समयदेखि रोक्का भएको घर नक्सा पासका लागि परिमार्जित राप्ती गाउँपालिकाको भवन निर्माण तथा योजना मापदण्ड २०७५ स्विकृत गर्ने। मिति २०८१ भदौ ०१ देखि घर नक्सा पास पकृया खुल्ला गर्ने। मिति २०८१ असार मसान्त सम्म बनेका घरहरुका लागि मिति २०८१ माघ मसान्तसम्म घर अभिलेखिकरण गर्न आव्हान गर्ने।

निर्णय नं.१०- राप्ती गाउँपालिकाको आ व २०८०।८१ को बार्षिक प्रगति समिक्षा मिति २०८१।०४।१६ गते सम्पन्न गर्ने।

निर्णय नं.११-राप्ती गाउँपालिकाको २०८०।८१ मा राप्ती गापाद्धारा सञ्चालित योजनाहरुको चौथो त्रैमासिक तथा बार्षिक प्रतिवेदन स्विकृत गरी सभामा पेश गर्ने।

निर्णय नं. १२- राजी गाउँपालिकामा पशु सेवा प्राविधिक पदमाकार्यरत कर्मचारी शेर बहादुर हमाल रिजालललाई बि.भि.एस्सी. एण्ड ए.एच. प्रवेश परीक्षाको लागि पुर्व सहमतिको लागि अनुरोध गरे बमोजिम अनुमति दिन सिफारिस दिने र प्रवेश परीक्षा उत्तिर्ण गरेको हकमा निजलाई तलवी अध्ययन विदा र अध्ययन मनोनयनका लागि नियुक्ति दिन सिफारिस गर्ने।